## प्रस्तावना :

प्राकृतिक र मानवीय स्वार्थका कारण प्रकृतिक तथा मानव सृजित प्रकोपहरू तिव्रगतिमा बृद्धि भएका छन। जसको परिणाम स्वरूप मानवीय र आर्थिक क्षतिपनि बढिरहेको छ। प्रकृतिमैत्री प्रणालीलाई ख्याल नगरि गरिने विकास निर्माण, बाटो निर्माण, प्राकृतिक स्रोतहरूको अति तीव्र दोहन तथा वन विनास आदिले पानीका मुहान सुक्ने, बाढी पहिरोको प्रकोप बढ्ने गरेको छ। विश्वव्यापी औसत तापक्रम वृद्धिका कारण हिमाली क्षेत्रमा तीव्र हिमस्खलन, हिमताल विष्फोट लगायतका प्रकृति जन्य विशेष घटना बढ्दैछन्। वातावरण प्रदुषणका मुख्य कारणहरूमा बढ्दो जनसंख्या, अनियन्त्रित र अव्यवस्थित बसोबास, रासायनिक मल, बिउबिजनको अनियन्त्रित प्रयोग,तीव्र रूपमा चुरे तथा महाभारत शृङ्खलाको वनविनास, आगजनी, जडीबुटीको अनियन्त्रित दोहन, नदीनाला र पहाडबाट ढुङ्गा, बालुवा, गिटीको अनियन्त्रित उत्खनन् र निकासी, फोहर मैलाको जथाभावी विसर्जन, न्यून गुणस्तरका सवारी साधनहरूको उच्च प्रयोग र त्यसबाट उत्पन्न ग्यास, उद्योगहरूबाट उत्पन्न हुने ग्याँस, पानीको मुहान तथा प्राकृतिक ताल तलैया माथिको अतिक्रमण, जथाभावी ठूला यन्त्रहरूको प्रयोग गरी मानव जनित क्रियाकलापहरू बढदै गएको,

जलबायू परिबर्तनका कारण वातावरणमा आएको अस्थिरता, अतिवृष्टि र अनावृष्टि जस्ता अवस्थाले निम्त्याएको शारीरिक, मानसिक तथा सामाजिक असरलाई कम गर्न ब्यक्ति, समुदाय एबं सामाजिक संस्थाहरूले आ-आफ्नो क्षेत्रबाट सक्दो भूमिका निर्वाह गर्न अवश्यक रहेको कुरालाई विचार गरी संस्थाले यो "पर्यावरण तथा जलवायु परिवर्तन निर्देशिका २०७५" तयार गरेको छ।

## परिच्छेद १

### नाम, प्रारम्भ, परिभाषा र उद्धेश्य

१.१ नाम : यो नीति सनसाईन सामाजिक विकास संस्था, कपिलवस्तु "पर्यावरण तथा जलवायु परिवर्तन नीति २०७५" भनिने छ।

१.२ प्रारम्भ : यो "पर्यावरण तथा जलवायु परिवर्तन नीति २०७५" नीति कार्य समितिको वैठकद्वारा निर्णय गरि आगामी साधारण सभाबाट अनुमोदन गराईनेछ।

१.३ परिभाषा : विषय वा प्रसंगले अन्य अर्थ नलागेमा :

"कार्यसमिति" भन्नाले सनसाईन सामाजिक विकास संस्था, कपिलवस्तुको विधान अनुसार निर्वाचित समितिलाई जनाउँछ

"वातावरण उप समिति" भन्नाले सनसाईन सामाजिक विकास संस्था, कपिलवस्तुमा रहेको पर्यावरण तथा जलवायु परीवर्तन न्यूनीकरण उपसमितिलाई जनाउने छ।

१.४.उद्धेश्य

१. विपत र जलवायु परिवर्तनका कारण हुने जनधनको क्षति कम गर्दै सुरक्षित र समुन्नत समुदायको विकास सुनिश्चित गर्न विपत जोखिम तथा जलवायु परिवर्तन व्यवस्थापन संस्थाका कार्यक्रमहरुमा समाबेश गराउने।

२. जलवायु परिवतर्नका कारण प्राकृतिक वा मानवीय प्रणालीमा सृजना भएका वा हुने सम्भावित जोखिमहरु न्युनिकरण गर्ने

३. वातावरण अनुकुलताका लागि विभिन्न मापदण्डहरु अवलम्बन गरि संम्भावित जोखिम र त्रासलाई कम गर्न प्रयासरत रहने।

## परिच्छेद २

### पर्यावरण तथा जलवायु परिवर्तन उपसमितिको र काम कर्तव्य र अधिकार :

२.१. पर्यावरण तथा जलवायु परिवर्तन उपसमिति गठन :

संस्थाले संस्थावाट संचालन हुने कार्यक्रमहरुमा र संस्थामा वातावरण मैत्री रुपमा काम गर्नका लागि कार्य समितिको कुनै एक सदस्यको संयोजकत्वमा ३ सदस्यीय पर्यावरण तथा जलवायु परिवर्तन उपसमिति गठन गर्नेछ। जसमा तपसिलका व्यक्तिहरुको सहभागी रहने छ।

संयोजक : १ जना कार्यसमितिवाट

सदस्य : १ जना (एक जना महिला अनिवार्य) साधराण सदस्य र सल्लाहकार सदस्य मध्येवाट।

सदस्य : १ जना जलवायु परिवर्तन सम्वन्धि जानकार भएको व्यक्ति (आमन्त्रित )

**२.२. उप समितिको काम, कर्तव्य र अधिकार :**

१.संस्थाका पदाधिकारी, कर्मचारी एवं स्वयम सेवकहरुलाई विपद् र जलवायु परिवर्तन सम्वन्धि अभिमुखिकरण गर्ने गराउने।

२.संस्था र समुदायमा वातावरण मैत्री कार्यक्रमहरुको विकास गरि कार्यन्वयनमा सहजिकरण गर्ने ।

३.नेपाल सरकारको जलवायु परिवर्तन तथा वातावरण मैत्री स्थानीय शासन २०७० र विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति २०६६ लाई सहयोग पुग्ने गरि कार्यक्रमहरुको विकास गर्ने ।

४.समुदायको विपद् प्रभावितलाई आवश्यक पर्ने सेवा प्रदान गरी विकास प्रक्रियामा विपद् जोखिम तथा जलवायु परिवर्तन व्यवस्थापनलाई सहजिकरण गर्ने ।

५.अनुकूलनका लागि विभिन्न उपाय र मापदण्डहरु अवलम्बन गरि संभावित जोखिम र त्रासलाई कम गराउन, जीविकोपार्जन तथा वातावरणीय परिवर्तनमा आउने समस्यालाई कम गराउन र अवसरहरु उजागर गर्न मद्दत गर्ने ।

६.विपद् जोखिम तथा जलवायु परिवर्तनका कार्यक्रम संचालन गर्नका लागि विभिन्न सरकारी,गैर सरकारी र दातृ निकायसँग प्रभावकारी रुपमा समन्वय गर्ने ।

७.कार्यक्रमहरुको नियमित अनुगमन गर्ने ।

## परिच्छेद ३

### नीति र योजना कार्यान्वयन रणनीति सम्वन्धि व्यवस्था

३.१. हाम्रो संस्थाका कार्यसमिति,साधारण सदस्यहरु,आजिवन सदस्यहरु र कर्मचारीहरू, साझेदार संस्थाहरू र सहयोगीहरूमा जलवायु परिवर्तन र पर्यावरणीय संरक्षण सम्वन्धि क्षमता विकास गरिने छ ।

३.२. हाम्रा कार्यक्रमहरू मार्फत प्राकृतिक स्रोत साधनमा संरक्षणमा प्राथमिकता दिइने छ ।

३.पर्यावरणीय क्षयीकरण र जलवायु जोखिमहरूमा समुदायहरूको सहन गर्न सक्ने क्षमता वृद्धि गरिने छ ।

४.संस्थावाट संचालन हुने कार्यक्षेत्रमा किशोरकिशोरीहरु र स्वावलम्बन समुह मार्फत एकघर एक बोटको अवधारणा अनुसार वार्षिक रुपमा कम्तिमा पनि ५०० विरुवा रोप्न काम गरिने छ ।

५.संस्थाले संचालन गर्ने  कार्यक्रमहरुमा वातावरण संरक्षण तथा पर्यावरण सम्वन्धिका सचेतनामुलक गतिबिधिहरु संचालन गरिने छ ।

६.संस्था मार्फत समुदायमा संचालन गरिने भौतिक पूर्वाधार निर्माणका कामहरु संचालन गर्दा वातावारणीय मूल्यांकन गरिने छ समान्य प्रभाव परेपनि त्यसलाई न्युनिकरण गर्ने उपायहरु अवलम्बन गरिने छ ।

७.पूर्वाधार निर्माणको काम गर्दा त्यसको बरिपरि बृक्षारोपण गरिने छ ।

८.विपद्का समयमा प्रभावित नागरिकलाई यथा समयमा उद्धार र राहतसम्बन्धी सेवा प्रदान गर्नमा समन्वय तथा सहजिकरण गरिनेछ ।

**३.२. योजना कार्यान्वयन रणनीति :**

१.गाउंपालिका र नगरपालिका स्तरीय विपद जोखिम तथा जलवायु परिवर्तन समिति गठन गरि सो समिति मार्फत कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२.स्थानीय स्तरमा विपद जोखिम तथा जलवायु परिवर्तन सम्वन्धि कार्यदल गठन गरि उनिहरुलाई क्षमता विकास गरि समुदायमा परिचालन गरिनेछ ।

३.स्थानीय स्तरमा बाल क्लवहरु गठन गरि उनिहरु मार्फत जलवायु सम्वन्धि चेतनामुलक कार्यक्रमहरु र सामाजिक अभियानहरु सञ्चालन गरिनेछ ।

४.योजना कार्यन्वयनका लागि गाउंपालिका,नगरपालिका र अन्य सहयोगी निकायहरुसगँ समन्वय गरि स्रोत साधन जुटाई समुदाय स्तरमा कार्यक्रम सञ्चालन गरिनेछ ।

५.समुदाय स्तरमा जलवायु परिवर्तन र पर्यावरणीय संरक्षण सम्वन्धि तालिम गोष्ठी र अन्य क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६.स्थानीयस्तरमा गरिने विकास निर्माणका कार्यमा विपद्का सवाललाई समावेश गरिनेछ । जोखिमयुक्त क्षेत्रमा भौतिक संरचना बनाउन स्वीकृत नदिने व्यवस्था गरिनेछ ।

७.योजना कार्यान्वयनको प्रगतिबारे स्थानीय विपद् व्यवस्थापन समिति, गाउँपालिका, नगरपालिका स्तरी, जिल्ला विपद् व्यवस्थापन समिति समन्वय र सहकार्य गरि परियोजना कार्यान्वयन गर्ने र नियमित अनुगमन तथा सुपरीवेक्षण गरिनेछ ।

८.योजना कार्यान्यवनलाई प्रभावकारी रूपमा अघि बढाउन समय समयमा आवश्यकताअनुसार क्षमता अभिवृद्धि र पुनर्ताजगी तालिम सञ्चालन गरिनेछ ।

९.समुदाय स्तरका कार्यदलको तालिम तथा क्षमता अभिबृद्धिका लागि विपद् जोखिम न्यूनिकरणको क्षेत्रमा कार्यरत सरोकारवाला संघ संस्थाहरुको सहभागितामा जोड दिइनेछ । विपद्को समयमा कार्यदलका तालिम प्राप्त सदस्यहरुलाई परिचालन गरिनेछ ।

१०.विपद् जोखिम व्यवस्थापनको योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न स्थानीय ज्ञान, सीप, विधि, प्रविधि  र श्रोत तथा साधनको अधिकतम उपयोग गरी गरिनेछ ।

११.योजनाको कार्यान्वयन भए नभएको स्थानिय विपद् व्यवस्थापन समिती तथा अन्य सरोकारवालाहरुले नियमित अनुगमन तथा सुपरीवेक्षण गर्नेछ ।

१२.योजना कार्यान्यवनको लागी समय समयमा बिभिन्न प्रकारका क्षमता अभिबृदि तथा पुर्नताजगी तालिमको  आयोजना गरीनेछ ।

**३.१.आन्तरिक (संस्थागत)**

संस्थाले पर्यावरणीय र जलवायु परिवर्तनका सवालहरूलाई संस्थाभित्र देहायवमोजिम सम्बोधन गर्नेछ ।

३.१.१ शिक्षा र सचेतना जागरण

(क) विशेषगरी हामीले काम गर्ने समुदायहरूलाई प्रभाव पार्ने पर्यावरणीय प्रवृत्ति र सूचकहरू सम्बन्धी संस्थाका कार्य समिति पदाधिकारीहरु,साधारण सदस्यहरु,आजिवन सदस्यहरु र कर्मचारीहरुलाई नियमित रूपले सुसूचित गरिनेछ ।

(ख) नेपालको सन्दर्भमा जलवायु परिवर्तन र अन्य पर्यावरणीय सवालहरूमा गरिएका अध्ययन अनुसन्धानहरूको बारेमा संस्थाका कार्यसमिति पदाधिकारीहरु, कर्मचारीहरू र साधारण सदस्यहरुलाई समयमै सही जानकारी प्रदान गरिनेछ ।

(ग) जोखिम न्यूनीकरण, अनुकूलन र पर्यावरणीय संरक्षण सम्बन्धी उत्तम अभ्यासहरू एक-आपसमा आदान प्रदान गर्ने कुराको सुनिश्चित गरिनेछ  ।

घ) भौगोलिक अवस्थालाई मध्यनजर गरि समुदायमा अभिमूखीकरणका कार्यक्रमहरु सञ्चालन गर्नका लागि स्थानीय तह र अन्य सहयोगी निकायहरुसगँ निरन्तर समन्वय र सहकार्य गरिनेछ ।

**३.१.२ फोहोर न्यूनूनीकरण र पुन प्रयोग**

(क) उपलब्ध भौतिक स्रोतहरूको प्रयोग सबै भन्दा दिगो रूपले गर्ने कुराको सुनिश्चित गरिनेछ ।

(ख) खरिद सम्बन्धी क्रियाकलापहरूमा ऊर्जा दक्षता तथा सामाजिक एवम् पर्यावरणीय दिगोपन र समतालाई प्राथमिकता दिईनेछ ।

(ग) कागज,प्लाष्टिक र अन्य वस्तुहरूको प्रयोग न्यूनीकरण गर्न हामीले प्रयोग गर्ने यस्ता वस्तुहरूको पुनचक्रिय अथवा पुनप्रयोग गर्न प्रयत्नशील रहनेछौं ।

घ) समुदायमा कुहिने र नकुहिने वस्तुहरुलाई फरक फरक स्थानमा संकलन गरि कुहिने वस्तुहरुलाई कम्पोष्ट मल वनाउनमा सहयोग गर्ने र नकुहिने वस्तुहरुलाई पुन प्रयोगमा गर्नमा सहजकरण गर्ने ।

ङ) जथाभावी फोहोरहरु संकलन नगरि कुनै स्थानमा मात्र संकलन गरि त्यसलाई वातावरणीय हिसाव व्यवस्थापन गर्नेमा सवै समुदायका उपभोक्ताहरुलाई सुनिश्चित गर्ने ।

च) फोहोरवाट हुने हानिहरुको वारेमा समुदाय स्तरमा अभियानहरु सञ्चालन गरि घरआंगन सफा, शौचालय नियमित प्रयोग र वातावरणीय सरसफाईको जनचेतना अभियानहरु सञ्चालन गरिनेछ ।

३.१.३ उत्सर्जन न्यूनूनीकरण

(क) हाम्रो व्यवहारमा ऊर्जा दक्षता प्रवर्धन गर्नुका साथै हाम्रो हरित गृह ग्याँस उत्सर्जन न्यूनीकरण गर्ने प्रयास गर्नेछौं ।

(ख) संस्था सामुदायिक वन, सामुदायिक इन्धन प्रति स्थापन कार्यक्रम (जस्तै सुधारिएको चुलो र अन्यपहलहरू मार्फत् नगरी नहुने उत्सर्जनलाई प्रति सन्तुलनगर्न पनि प्रतिबद्ध छौं ।

ग) वायूमण्डलमा भएका हरितगृह ग्याँसहरुलाई शोषण गर्नु र वायूमण्डलमा भएका यी ग्याँसहरुलाई वढ्न नदिनका लागि समुदाय स्तरमा वृक्षारोपण कार्यक्रमहरुलाई बढाईने गर्ने ।

घ) जैविक इन्धनको बृक्षारोपण र काठ जन्य उत्पादनको माध्यमबाट अजैविक इन्धनलाई प्रतिस्थापन गर्ने ।

ङ) वन बिनास रोक्न र वनको हैसियत बिग्रन नदिने साथै बनको कार्वन संचितीकरण बृद्धि गर्ने साथै वन व्यवस्थापनमा सुधार मद्त गर्ने ।

**३.२ बाह्य (कार्यक्रम तर्फ)**

पर्यावरणीय र जलवायु परिवर्तनका सवालहरूलाई स्वयम् संस्थाबाहिर देहायवमोजिम सम्बोधन गरिने छ ।

(क) समुदायको शिक्षा तथा सचेतना गरि क्षमता विकासका लागि संस्थाले काम गर्ने समुदायमा प्रभावपार्ने पर्यावरणीय प्रवृत्ति र सूचकहरू खास गरी पर्यावरणीय प्रभाव पर्ने खालका गतिबिधिहरुमा नियमित रूपले पर्यावरण र जलबायु परिवर्तन सम्बन्धी छलफललाई समेत समावेश गरिनेछ ।

(ख) संस्थाका हरेक परियोजना कार्यान्वयन गर्दा त्यसबाट पर्यावरणमा पर्ने असरहरुलाई कम गर्ने र कुनै हानी नगरौ भन्ने सिद्धान्तको पालना गरिनेछ ।

(ग) पर्यावरणीय जोखिमलाई कमगर्न भौतिक पुर्वाधारका आयोजनाहरु जस्तै भवन, खानेपानी, सिंचाई पोखरी, सडक निर्माण निर्माण पुर्व तथा पश्चात त्यसको पर्यावरणीय असरको बिश्लेषण गरी सो असर न्यूनिकरणका लागि बिशेष ध्यान दिईने छ । यस्ता आयोजना निर्माण गर्दा भूक्षयलाई रोक्न बृक्षारोपण गरिनेछ ।

## परिच्छेद ४:

### अनुगमन, मुल्याङ्कन तथा पुनरावलोकन र प्रतिवेदन :

- गाउँपालिका तथा नगरपालिकामा रहेको वार्षिक नीति तथा कार्यक्रमको अनुगमन तथा मुल्यांकन प्रकृया अनुरुप नै स्थानिय विपद् जोखिम व्यवस्थापन योजना कार्यान्वयनको अवस्था नियमित अनुगमन तथा मुल्यांकन गरिनेछ ।
- योजनाको अनुगमन तथा मुल्यांकनको पहिलो दायित्व गाउँपालिका र नगरपालिका स्तरीय स्थानीय विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन समितिको पहिलो हुने छ । साथै जिल्ला विपद् ब्यवस्थापन समिति र जिल्ला समन्वय समितिले पनि यसको मुल्यांकन गर्न सकिने छन ।
- जलवायु परिवर्तनका योजना कार्यान्वयनको अनुगमन तथा मूल्यांकन गर्ने निकायले मूल्यांकनको प्रतिवेदन सम्बन्धित निकाय, स्थानीय निकायमा पेश गरिनेछ ।
- यस निर्देशिकाको बार्षिक रुपमा अध्यावधिक तथा परिमार्जन गरिनेछ र प्रत्येक ३ वर्षमा विस्तृत पुनरावलोकन गरिनेछ ।
- निर्देशिका कार्यान्वयनमा रहेका कमिकमजोरीको बार्षिक रुपमा समिक्षा गरि देखिने कमी कमजोरीको सुधार गरिनेछ ।
- अनुगमन मुल्यांकन गर्दा स्थानीय समुदाय सँग छलफल तथा सल्लाह सुझवलाई विषेश प्राथमिकता दिईने छ ।

## परिच्छेद ५

### व्याख्या र खारेजः

५.१ यस निर्देशिकाको व्याख्या गर्ने अधिकार कार्यसमितीमा निहित रहने छ ।

५.२ निर्देशिका कार्यन्वयन गर्न संस्थालाई कुनै पनि वाधा अडचन आएमा संस्थाको कार्यसमितिको दुई तिहाई वहुमतले परिमार्जन गर्न सकिने छ ।

५.३ यस निर्देशिकामा उल्लेख भएका प्रवधानहरु संस्थाको बिधान तथा राज्यको प्रचलित ऐन नियमसंग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।